नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं. २४८

श्री स्थानीय तहहरु (सबै) ।

मिति २०८१/१०/०८

नेपाल संवत ११४५

बिषयः विवरण उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्तुत बिषयमा प्रतिनिधि सभा, शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको च.नं. १२३ मिति २०८१/०९/१९ को छायाप्रति यसै पत्रसाथ संलग्न छ ।पत्रमा माग भए बमोजिमको विवरण यथासक्य चाँडो शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको email ठेगाना education.health.c@gmail.com मा पठाई सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(दिपेन्द्र पाण्डे)
शाखा अधिकृत

वोधार्थः

श्री सूचना प्रविधि शाखा :- website मा upload गरि दिनु हुन ।

संघीय संसद
प्रतिनिधि सभा

०/८

# शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

प. सं. ०८१/०८२
च. नं. १२३

सिंहदरबार, काठमाडौं।

मिति:-२०८१/०९/१९

माननीय मन्त्रीज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय: निर्देशन कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा अछामका सिद्धप्रसाद ढुङ्गानाले अछाम जिल्लाको कमलबजार नगरपालिकामा १५ बेडको अस्पताल निर्माणका लागि सम्झौता भई कार्य प्रारम्भ भएतापनि हालसम्म सम्पन्न नभएकोले निर्माण सम्पन्नताको लागि आवश्यक पहल हुन भनी दिएको निवेदनको सम्बन्धमा यस समिति अन्तर्गत गठित निवेदन छानविन, अध्ययन तथा सुझाव उपसमितिको मिति २०८१ पुष १८ गतेको बैठकले "देशभरका पालिकाहरुमा रहेका यस प्रकारका अस्पतालहरुको विद्यमान अवस्था कस्तो छ, के कति अस्पतालहरु सम्पन्न भई सुचारु भएका छन र के कति अस्पतालहरु अधुरा रहेका छन्, सम्पन्न नभएका अस्पतालहरुको सम्बन्धमा सरकारले के नीति लिएको छ सोको समेत विवरण तथा जानकारी ७ दिनभित्र माग गरी अध्ययन गर्ने। " भनी निर्णय गरेकोले उपसमितिको निर्णय बमोजिमको विवरण ७ दिनभित्र उपलब्ध गराईदिनुहुन निवेदनको फोटोकपी समेत संलग्न गरी तँहा पठाइएको व्यहोरा अनुरोध गर्दछु।

दशरथ धमला
समिति सचिव